# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

**खण्डः ७** **संख्या :१६** **मितिः २०८१/०२/३२**


## भाग-२

## सानीभेरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### "मानसिक स्वास्थ्य समस्या सहायता कोष सञ्चालन कार्यविधि, २०८१"

**परिचय :**

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्नपाउने हकका साथै आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरी संवैधानिक मान्यता प्रदान गरिसकेको अवस्था छ । जनस्वास्थ्य ऐन २०७५ को दफा ३ को उपदफा ४ मा मानसिक रोग सम्वन्धी सेवालाई पनि आधारभूत स्वास्थ्य सेवाको सूचीमा राखी उक्त सेवाप्रत्येक नागरिकलाई निशुल्क प्राप्त गर्ने हक हुनेछ भनेर उल्लेख गरेको छ । मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई बाधेर राख्ने वा थुन्ने कार्यलाई अपराधका रुपमा पहिचान गरेको छ । जनस्वास्थ्य नियमावली २०७७ को अनुसुची १ र २ मा पनि मानसिक स्वास्थ्यलाई आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा समावेश गर्दै संघ, प्रदेश र स्थानीयस्तरबाट उपलब्ध गराउने व्यवस्था गरेको छ । नेपालको स्वास्थ्य नीति २०७६ ले मानसिक स्वास्थ्यको महत्वलाई आत्मसाथ गर्दै २५ विभिन्न उपशिर्षकका नीति अर्न्तगत मानसिक स्वास्थ्यलाई समेटेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि,२००६,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ को दफा ३५ ले मानसिक वा मनोसामाजिक (साईकोसोसियल) अपाङ्गता भएका व्यक्तिको लागि तपशिल

बमोजिमको थप सेवा, सुविधा उपलब्ध गर्ने गराउने बारे उल्लेख गरेको छ। नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएको ब्यक्तिलाई निज, निजका परिवारका सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने ब्यवस्था मिलाउनेछ। नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएको ब्यक्तिलाई आवश्यक पर्ने औषधी र मनोपरामर्श सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था छ। नेपाल सरकारले घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएको ब्यक्तिलाई उपचार गरी पुनर्स्थापना गर्न वा पारिवारिक पुर्नमिलन गराउने ब्यवस्था गरेको र यस सानीभेरी गाउँपालिका स्वास्थ्य नीति २०७८ को रणनीति ३.४.बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर **Mental Health Clinic** संचालन र रणनीति ३.५.मानसिक रोगीका लागी पुर्नस्थापना केन्द्र हरु सँग सहकार्य गरी त्यहाँ सम्म पुऱ्याउने र उपचार गर्ने व्यवस्था गरिने छ। यी दुई वटा रणनीतिलाई आधार मानेर यो कार्यविधि निर्माण गरीएको छ।

## १ संक्षिप्त नाम र प्रारम्भ :

(१)**यस कार्यविधिको नाम** "मानसिक स्वास्थ्य समस्या सहायता कोष सञ्चालन कार्यविधि, २०८१" रहेको छ

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सहायता कोष" भन्नाले मानसिक स्वास्थ्य समस्या सहायता कोष सञ्चालन सम्झनु पर्छ।

(ख) ''मानसिक स्वास्थ्य समस्या भएका व्यक्ती" भन्नाले देहायका अवस्थामा रहेका व्यक्ती सम्झनु पर्छ :-

(१) मनोसामाजिक समस्या भएको व्यक्ति
(२) मानसिक स्वास्थ्य समस्या भएको व्यक्ति
(३) अपाङ्गता भएका वा त्यसको जोखिममा रहेका व्यक्ति
(४) मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु
(५) मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएको व्यक्ति
(६) मानसिक स्वास्थ्य समस्याको औषधि सेवन गरीरहेका व्यक्ति
(७) मानसिक स्वास्थ्य समस्या र अति आर्थिक विपन्न भएको व्यक्ति

(ग) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका सम्झनु पर्दछ।

घ) "पदाधिकारी" भन्नाले : कार्यपालिकाको प्रमुख, उपाध्यक्ष, वडा अध्यक्ष, तथा कार्यपालिकाका अन्य सदस्यहरू सम्झनुपर्दछ।

च) "अध्यक्ष" : भन्नाले गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ।

छ) "समिति"भन्नाले मानसिक स्वास्थ्य समन्वय सल्लाहकार समिति सम्झनु पर्छ।

## ३. मानसिक स्वास्थ्य समस्या कोषको उद्देश्य :

१.अति आर्थिक विपन्न र मानसिक स्वास्थ्य समस्या भएको व्यक्तीहरुलाई स्वास्थ्य बिमामा आबद्दता गराउने ।
२.आपतकालिन अवस्थामा मानसिक स्वास्थ्यको विशिष्टकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने ।

## ४. कोषको स्थापना :

मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु र मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएको व्यक्तीहरुलाई तत्काल उद्धार, स्वास्थ्य बिमा, स्वास्थ्य उपचार र पुर्नस्थापना सहितको सहयोगका लागि गाउँपालिकामा मानसिक स्वास्थ्य समस्या सहायता नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :-

(क) गाउँपालिकाबाट प्राप्त रकम

(ख) सरकारी तथा गैर सरकारी संघ संस्थावा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्थानीय सरकारले विनियोजन गर्ने मानसिक स्वास्थ्यको क्षेत्रमा विनियोजन गर्ने बजेट मध्येको केही प्रतिशत
बजेट ।

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

## ५. कोषको उपयोग :

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-

क) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई स्वास्थ्य बिमामा जोड्ने ।

ख) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई स्वास्थ्य उपचार गर्न तथा पुनर्स्थापना गर्न

(ग) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई विशिष्ट मानसिक स्वास्थ्य सेवादिन

(घ) मानसिक स्वास्थ्य समस्या सहायता सञ्चालन समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न

(ङ) मानसिक स्वास्थ्य सहायता सम्बन्धमा समितिले तोके बमोजिमको समस्या न्यूनीकरणका कार्य गर्न र गराउन ।

(च) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तीलाई सहयोग गर्दा जोखिमताको अवस्थालाई आधारमानी
सहयोग रकम निर्धारण गरिनेछ । जसमा निम्न कुरालाई मध्यनजर गरिनेछ ।

- स्वास्थ्यबिमा : रु. ३५००/- सम्मको सहयोग,
- विशिष्टकृत मानसिक स्वास्थ्य सेवा : न्युनतम रु. ५०००/-` सहयोग गर्न सकिनेछ ।

## ६. मानसिक स्वास्थ्य सहायता कोष सञ्चालनका लागि समितिको गठन :

(६.१) कोषको सञ्चालन तथा खर्च र व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२.२) गाउँपालिकामा कोष सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

क) अध्यक्ष एवं मानसिक स्वास्थ्य समन्वय सल्लाहकार समिति संयोजक**-** संयोजक

ख) उपाध्यक्ष एवं न्यायिक समिति संयोजक**-** सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत**-** सदस्य

घ) सामाजिक विकास समिति संयोजक- सदस्य

घ) यूवा,खेलकुद तथा शिक्षा शाखा प्रमुख- सदस्य

ङ) महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा- सदस्य

च) मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने संस्था - सदस्य

छ) मनोसामाजिक तथा मानसिक अपाङ्गगता भएको व्यक्ती- सदस्य

ज) स्वास्थ्य  तथा सामाजिक विकास शाखा प्रमुख- सदस्य सचिव

**७ .मानसिक स्वास्थ्य सहायता कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तीलाई स्वास्थ्य बिमा, स्वास्थ्य उपचार गर्ने, पुनर्स्थापना गर्ने ।

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालनगर्ने वा गराउने ।

(ग) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तीलाई सहयोग स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ।

(ङ) कोष वृद्विको लागि स्रोतको खोजी गर्ने ।

(च) मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ।

**८. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमाचौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्यापुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९ खाताको सञ्चालन :**

(१) कोषको रकम पालिकाको विविध खातामा जम्मा गरी कोष संचालन गरीनेछ ।

**१०.कोषको लेखा र लेखापरीक्षण :**

(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**११.अभिलेख राख्ने** : समितिले आफूले गरेको काम कार्वाहीहरूको अभिलेख दुरूस्त राख्नु पर्नेछ ।

## अनुसूची १

**समितिका लागि आवश्यक कागजात**

१) सेवाग्राहीको निवेदन
२) वडा कार्यालयको सिफारिस
३) मानसिक स्वास्थ्य समस्या अवस्थाको पहिचान फारम वा समस्या खुल्ने बिरामी पुर्जा

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत